परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

❑ वर्ष १० ❑ अंक ३४ २०७८ चैत २९ गते आईतवार Sunday 3, APR 2022 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## मिटर ब्याजको चक्करमा, गरीब परिवार विचल्लीमा

विराटनगर। विराटनगर महानगर पालिका वडा नं. ८ को दुई परिवारले आफूहरु मिटर व्याज र रकम दिने धनीको वैमानी बुद्धिका विचल्लीमा परको वताएकी छिन् ।



विराटनगर महानगर पालिका वडा नं. ११ घर भै हाल वडा नं. ८ मा बस्ने अन्जना कोईरालाले पत्रकार सम्मेलन गरी आफूले छोरा विरामी हुँदा विराटनगर महानगर पालिका वडा नं. १३ घर भै हाल वडा नं. ८ बस्ने रुशी एल खानमसंग २ लाख लिएका थियौ । खानले मलाई भ्रुक्याएर ६ लाखको कागजमा सही छाप गरायो । २ लाखको सवा व्याज गरी करीव ५ लाख ६० हजार तिरी सके तर त्यसले वनाएको कपाली नच्यातदा अहिले फेरी आएर ९ लाख माग्ने गरेको छ भने दिनहुँ अनेक किसिमको धम्की समेत दिएको आरोप लगाए ।

कोइरालाले भने म प्रदेश सभा सचिवालयको कार्यालय सहयोगी कर्मचारी समेत भएकोले चैत ३ गते कार्यालय जाने वेला मेरो घरआगनमा घेरा हाली मलाई लछार पछार गरी ४२ हजार रुपियाँ, राष्ट्रिय बाणिज्य बैकको २ थान सही गरेकोसादा चेक र मैले वोक्ने गरेको मोवाईल खोसेर लगेको त्यस वारेमा बैकमा र जिल्ला प्रशासन कार्यालय मोर जिल्ला प्रहरी कार्यालय मोरंगमा समेत निवेदन गरेको छु । त्यहांवाट कुनै कारवाही नभई उल्टै खानले पुन: रकम माग्ने र धम्की समेत दिने गरको दुखेसो पोखे । मैले आफ्नो नामको जग्गा घितो ३ लाखमा राखेर माघ माहिनामा नै २ लाख ६० हजार तिरेको छु । २ लाखको ५ लाख ५० हजार तिरी सके अव रकम तिर्ने सक्दीन, भ्रुक्याएर वनाएको ६ लाखको तमसुक च्याति दिन माग गरेको छ ।

कोइरालालाई मात्र होईन रुशी एल खानमले रतुवामाई नगरपालिका वडा नं. ८ सिजुवा घर भई हाल विराटनगर महानगर पालिका वडा नं. ८ बस्ने सरिता कुमारी महतोसंग पनि ३० लाखको तमसुक वनाएको छ ।

महतोले भने जग्गा खरीद गदा मैले ७ लाख खानसं लिएको थिए । त्यस वापत सवा व्याज गरी करीब ४२ लाख तिरी सके तर मैले वनाएको ३० लाखको कागज च्यातेको छैन । पुन: मसंग पनि रकम माग गरेको र धम्की समेत दिएको सोही पत्रकार सम्मेलनमा गुनासो गरका थिए ।

यी दुई जना प्रतिनिधी पात्र मात्र हुन् खानले दर्जनौलाई ऋण दिएर मिटर व्याज पनि लिने, कपाल तमसुक नच्यात्ने पछि गएर पुन: रकम माग्ने कामलाई व्यवसाय नै वनाएको कोइराला र महतोले आरोप लगाएका थिए ।

## बम बिष्फोटमा संलग्न योजनाकार सहित ४ सार्वजनिक

विराटनगर । बम विष्फोटमा संलग्न रहको आरोपमा योजनाकार सहित चार जनालाई प्रहरीले सार्वजनिक गरको छ ।

घटनाको विवरण अनुसार जिल्ला प्रहरी कार्यालय सुनसरीले चैत्र १४ गते राती इटहरी उपमहानगरपालिका वडा नं. २ का अमिर श्रेष्ठको घरमा डेरा गरी बस्ने लक्ष्मी देवी थापाको कोठामा भएको बिष्फोटमा संलग्न भएको आरोपमा चारै जनालाई पक्राउ गरिएको थियो ।

पक्राउ पर्नेहरुमा इटहरी उप महानगरपालिका वडा नं. २ का श्रेष्ठको घरमा डेरा गरी बस्ने ३२ बर्षीया लक्ष्मी देवी थापा, लक्ष्मीको छोरा १८ बर्षीय रबिन थापा, ढोडेनी गाउँपालिका वडा नं. ७ लम्जुङका २३ बर्षीय शेरजंग गुरुङ र कन्काई नगरपालिका वडा नं. ८ झापाका ४३ बर्षीय संजय भन्ने खगेन्द्र खरेल रहेका छन ।

चैत्र १४ गते राती १० बजे लक्ष्मी देवी थापाको कोठामा बम बिष्फोटको घटना भएकोमा तत्काल इलाका प्रहरी कार्यालय इटहरीबाट खटिएको प्रहरी नायव उपरीक्षक खगेन्द्र बहादुर खडका सहितको प्रहरी टोलीले घाईते अवस्थामा फेला परेका रविन थापा र शेरजंग गुरुङलाई उपचारको लागि अस्पताल पठाई अनुसन्धान सुरु गरेको थियो ।

घटनाको अनुसन्धान तथा खोज तलासको क्रममा १ नम्वर प्रदेश प्रहरी कार्यालय विराटनगर (रिट) , संघीय प्रहरी इकाई कार्यालय धरान, जिल्ला प्रहरी कार्यालय सुनसरीको संयुक्त प्रहरी टोलीले बिष्फोट पश्चात फरार रहेका आशा ठकुरी भन्ने लक्ष्मी देवी थापा (ठकुरी) लाई इटहरी उपमहानगर पालिका वडा नं. २ स्थितमा लुकुछिपि बसेको अवस्थामा पक्राउ परेको थियो ।

त्यसैगरी घटनाका मुख्य योजनाकार संजय भन्ने खगेन्द्र खरेललाई झापाको काँकरभिट्टाबाट १७ गते पक्राउ गरेको थियो । उपचार पश्चात रविन थापालाई १७ गते र शेरजंग गुरुङ्गलाई १८ गते पक्राउ गरेको थियो ।

प्रहरीले घटना स्थलबाट बिष्फोट पश्चात क्षेति भएका समानहरुको अवशेष र पक्राउ परेका ब्यक्तिहरुबाट सी एफ एम लेखिएको सानो, ठुलो पर्चा १०३ थान, सदस्यता कार्डको अर्ध कट्टी २८ थान, हिमाल सुरक्षा परिषद नेपालको पर्चा १ थान, हिमाल सुरक्षा परिषदको बिभिन्न कमिटिको छाप ४ थान, लेटर प्याड पाना ७,

वांकी ३ पेजमा...

## नौं दिन सम्म संचालन हुने विराट ट्रेड एक्सपो समुद्घाटन

विराटनगर । नौ दिनसम्म संचालन हुने विराट ट्रड एक्सपो औपचारिक रुपमा संघीय सरकारका संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री प्रेम आलेले शुक्रवार समुद्घाटन गरेको छ ।

प्रदेश १ को राजधनी विराटनगर महानगरपालिकाको वडा नं. २ शंकरपुर मार्गमा चैत १८ देखि २६ गते सम्म आयोजना हुने ट्रेड एक्सपो २०२२ विगतको वर्ष भन्दा फरक रहेको छ । यसपटकको एक्स्पोमा स्वदेश तथा विदेशका विभिन्न उत्पादनहरु सहित लण्डन ब्रिज, बुर्ज खलिफा, बुर्ज अल अरब र सेन्ट वेसिल जस्ता अन्तराष्ट्रिय संरचनाको आकर्षण समेत थपिएकोले विगतको भन्दा भपभोक्तले फरक अनुभव महसुस गर्ने भएको छ

एक्स्पोमा ३ लाखबढी मानिसले अवलोकन गर्ने र ४५ करोडभन्दा धेरै कारोबार हुने अपेक्षा आयोजकको छ । एक्स्पोमा ८० वटा एसीसहितका, ६० वटा कुलरसहितका, १०६ वटा सामान्य, अटोस्टल २५ वटा तथा खाद्यान्नका १० वटा स्टल छन् ।

एक्स्पोमा जिप लाइन, रिभर्स बन्जी र जिप साइक्लिङलगायतका खेलकुदस्थल बनाइएको छ । एक्स्पोमा लण्डन ब्रिज, बुर्ज खलिफा, बुर्ज अल अरब, सेन्ट वेसिल जस्ता संरचनाको नमूना राखेर सेल्फी जोन बनाइएको छ । एक्स्पोमा नेपालका साथै भारत, बंगलादेश र पाकिस्तानका उत्पादनसमेत राखिएको छ ।

आयोजकले एसी स्टल राख्नेलाई ६० हजार, कुलर स्टललाई ४० हजार, साधारण स्टललाई ३० हजार, अटो स्टललाई ७० हजार र खाद्यान्न स्टललाई ६० हजार रुपैयाँ शुल्क निर्धारण गरेको छ । मेलालाई रमपम चाउचाउले मुख्य प्रायोजन गरेको छ भने सेन्चुरी मसलाले सहायक दोस्रो तथा तेस्रो प्रायोजकको रुपमा रिजालको तथा बाबा गुड हेल्थले गरेको छ ।

विषेश आकर्षणको रुपमा फोटो खिच्न मन पराउनेहरुका लागि सेल्फी जोन र साहसिक खेल मन पराउनेहरुका लागि जीप लाइन, रिभर्स बन्जी र जिप साइक्लिनिङ्गको प्रबन्ध पनि मिलाईएको छ ।

एक्स्पोमा नेपाल भारत,

वांकी ३ पेजमा...




## एक व्यक्तिले सातवटा विरुवा लगाए मात्र सन्तुलित वातावरण

विराटनगर । इण्डो नेपाल मैत्री अन्तराष्ट्रिय वातावरण संरक्षण अभियान अन्तर्गत भारत विहारको सुपौल जिल्लाको निर्मली प्रखण्ड अन्तर्ग कुणौली सिमा नजिकै रहको जागेश्वर उच्च विद्यालय कुणौलीमा बृक्षा रोपन तथा वातावरण संरक्षण अन्तरक्रिया कार्यक्रम सम्पन्न गरको छ ।

उक्त कार्यक्रममा सम्वोधन गर्दै वतावरण अभियन्ता सुरश शर्माले एक व्यक्ति सातवटा विरुवा लगाए मात्र वातावरण सन्तुलित हुने बताएको छ । वहांका अनुसार एक व्यत्तिलाई प्रत्येक दिन १६ किलो अक्सीजन चाहिन्छ तर एउटा वयस्क रुखले अढाई किलो मात्र एक दिनमा अक्सिजन दिन सक्छ । त्यसलाई हिसाव गर्दा एक व्यक्तिलाई सातवटा बयस्क रुखको आवश्यकता पर्दछ । अहिले जुन हिसावले वातावरण दुषित भईरहेको छ । यस्तो अवस्थामा हरेक व्यक्तिको दायित्व वन्छ कि सातवटा विरुवा लगाउनुको साथै अगलवलको विरुवालाई समेत संरक्षण गर्न जरुरी रहेको वताए ।

नवोदय फ्रेन्डस अफ इनवायरमेट सुपौल र आसियान इन्टर नेशनल जर्नलिस्ट काउन्सी जनकपुर वन प्राविधिक समाजद्धारा नेपाल भारत सीमावती क्षेत्रमा वन विभाग सुपौल र वन डिभिजन कार्यालय सम्पतरीको सहयोगले जागेश्वर उच्च विद्यालय कुणैली, राजविराज भंसार कार्यालय सप्तरी, जनता रा.प्रा विद्यालय बेल्हि मलाहनिया सप्तरीमा वृक्षा रोपन गरिएको थियो ।

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

# लागुऔषध सहित मोरंग र झापाबाट चार पक्राउ

विराटनगर । प्रतिवन्धीत लागुऔषध सहित झापा र मोरंग गरी ४ जनालाई प्रहरीले पक्राउ गरी कानुनी प्रक्रिया अगाडी वढाएका छन् ।

झापाको मेचीनगर नगर पालिका वडा नं. ६ स्थितबाट प्रतिवन्धित लागुऔषध ब्राउनसुगर सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा झापा बुद्धशान्ती गाउपालिका वडा नं. ४ का ४३ बर्षीय किशोर सुनुवार र काठमाण्डौ महानगरपालिका वडा नं. ५ का ३१ बर्षीय सन्त महर्जन रहेका छन ।

विहीवार लागुऔषध नियन्त्रण ब्युरो काँकरभिट्टा र इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले चेक जाँचको क्रममा प्रदेश ३-०१-००६ ख ०६२६ नम्वरको बसमा सवार रहेका सुवुवार र महर्जनको साथबाट प्लास्टिकमा पोको पारी झोलामा लुकाई राखेको २८ ग्राम ब्राउन सुगर बरामद गरेको थियो ।

त्यसैगरी मोरङको बिराटनगर महानगरपालिका वडा नं. १५ स्थितबाट प्रतिबन्धित लागुऔषध ब्राउन सुगर सहित २ जनालाई प्रहरीले पक्राउ गरेको थियो ।

विहीवारै प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले चेक जाँचको क्रममा भारतबाट नेपाल आउदै गरेका झापा कन्काई नगरपालिका वडा नं. ३ का ३० बर्षीय अरुण प्रधानलाई २ ग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

लागुऔषध नियन्त्रण ब्युरो बिराटनगरबाट खटिएको प्रहरी टोलीले को.२५ प ७६५८ नम्वरको मोटरसाईकलमा भारत जोगवनीबाट नेपाल तर्फ आउदै गरेका सुनसरी इटहरी नगरपालिका वडा नं. ४ का ४० बर्षीय राजेन्द्र के.सि.लाई ७ ग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

प्रतिवन्धित ब्राउनसुगर सहित पक्राउ परेका चारै जनाको इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट थप अनुसन्धान भईरहेको छ ।

## बम विष्फोटमा...

रकम पठाएको र जम्मा गरेको आइएमइ रसिद ४ थान, बिभिन्न बैङ्कको चेकबुक ३ थान, मोवाइल ५ थान समेत बरामद गरेको थियो ।

पक्राउ परेकाहरुको सम्मानित जिल्ला अदालत सुनसरीबाट बम बिष्फोटन र संगठित अपराध मुद्दा शिर्षकमा म्याद थप गरी घटना सम्बन्धमा थप अनुसन्धान कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

## नौं दिन...

बङगलादेश र पाकिस्तानका उत्पादनहरु समेत बिक्री वितरण हुनेछन् । एक्स्पोमा कृषि, पर्यटन, सुचना प्रविधि, अटोमोबाईल्स, बाल उद्यान र खानाका विभिन्न परिकार, नियमित राष्ट्रिय तथा स्थानीय कलाकारहरुको प्रस्तुति समेत रहने जनाईएको छ ।

स्वदेशी र विदेशी उत्पादन समेटने गरि कुल २७० स्टलहरु रहने एक्स्पो २ लाख बढी उपभोक्ताहरुले अवलोकन गर्ने व्यापार संघले जनाएको छ । संघका अनुसार एक्स्पोबाट ४० करोडको बराबरको कारोबार हुने अपेक्षा गरिएको छ ।






# मनाङ मर्स्याङ्दीलाई दमक गोल्डकपको उपाधी




दमक । दमक गोल्डकपको उपाधि मनाङ मर्स्याङ्दी क्लब काठमाडौंले हात पारेको छ ।

शुक्रबार भएको फाइनल खेलमा नेपाल फुलिस क्लबलाई २-० ले हराउँदै मनाङ विजयी भएको थियो । फाइनल खेलमा मनाङका लागि अफिज ओलावलले र शिशिर लेखीले गोल गरको थियो ।

दमक-३ स्थित प्रस्तावित मदन भण्डारी अन्तर्राष्ट्रिय रंगशालामा भएको खेलको ५९ औं मिनेटमा ओलावलले मनाङका लागि पहिलो गोल गरेका थिए । ६७ औं मिनेटमा लेखीले अग्रतालाई दोब्बर बनाउँदै मनाङको जित निश्चित गरेको थियो ।

जितसँगै मनाङले १३ लाख ११ हजार रुपैयाँ हात पारेको थियो । उपविजेता बनेको पुलिसले ६ लाख ११ रुपैयाँमा चित्त बुझाएको थियो । फाइनल खेलको म्यान अफ दि म्याच विजयी टोलीका मौसाले नगद दश हजार रुपैयाँ हात पारेका थिए ।

दमक नगरपालिकाको नगर खेलकुद विकास समितिको आयोजनामा भएको प्रतियोगिताको उत्कृष्ट गोलरक्षकमा मनाङका विशाल सुनार, उत्कृष्ट डिफेन्डर नेपाल पुलिस क्लबका अञ्जान राई, उत्कृष्ट मिडफिल्डर मनाङका शिशिर लेखी, उत्कृष्ट फर्वड पुलिसका नीरकुमार राई, उत्कृष्ट गोलकर्ता मनाङका अफिज ओलावाले र उत्कृष्ट प्रशिक्षक मनाङका राजेन्द्र तामाङ घोषित भएका थिए ।

उनीहरुलाई जनही नगद २१ हजार आयोजकले प्रदान गरको थियो । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी मनाङका पुजन उपरकोटीले टिभिएस कम्पनीको मोटरसाइकल प्राप्त गरेका थिए ।

प्रतियोगितामा उदयीमान खेलाडी आयोजक दमक-११ का राहुल लिम्बुलाइ माउन्टेनबाइक प्रदान गरेको थियो ।

आयोजक दमक नगर खेलकुद विकास समितिले चन्द्रकुमार गिरीलाई लाइफटाइम अचिपमेन्ट अवार्डबाट पुरस्कृत गरेको छ ।

उनी आयोजक दमक-११ प्रशिक्षक पनि हुन् । उनले यामाहा कम्पनीको मोटरसाइकल प्राप्त गरका थिए ।

# आगलागीबाट एक महिलाको मृत्य, ८ घर नष्ट

उदयपुर । उदयपुरको उदयपुरगढी गाउँपालिका वडा नं. १ स्थितमा आगोलागिबाट ८ घर जली नष्ट भएको छ भने १ जना महिला आगोमा परी जली मृत्यु भएकी छिन् ।

गतआईतवार वेलुकी गौर बहादुर मगरको ढुङ्गा माटोले बनेको फुसको छानो भएको २ तले घरमा बिधुत सर्ट भई आगोलागि हुँदा हिडडुल गर्न नसक्ने गौर बहादुर मगरको ६६ बर्षीया श्रीमती शिवमाया मगरको आगोमा परी जली मृत्यु भएको थियो ।

उक्त आगो फैलिई नजिकै रहेको शेर बहादुर मगर, भैरव मगर, यम्बर बहादुर मगर, मनमाया मगर, पदम बहादुर मगर, दिप बहादुर मगर र धन माया मगर समेतको घर आगलागिबाट जली नष्ट भएको थियो ।

आगोमापरी बाख्रापाठा ५१ वटा, सुँगुर ४ वटा समेत जली मृत्यु भएको छ । आगो स्थानिय र प्रहरीको सहयोगमा नियन्त्रण लिएको थियो ।

आगलागिबाट अन्दाजी १ करोड २१ लाख बरावरको क्षेति भएको र आगोलागिको घटना सम्वन्धमा थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

## विराटनगर महानगरपालिकाको सूचना

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- सडक तथा पेटीकीनारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- बालश्रम शोषण समाजिक अपराध हो ।
- विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- सार्वजनिक स्थलमा जतातत्तै फोहोरमैला नफालौं ।

## महिला अधिकारलाई नामा मात्र होइन, व्यवहारमा परिणत गरौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


हार्दिक मंगलमय
## शुभकामना

नव वर्ष २०७८ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

राजकुमार गोल्छा
उद्योगी/व्यवसायी
विरमटागर

हार्दिक मंगलमय
## शुभकामना

नव वर्ष २०७८ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मणिराज भट्टराई (प्रिन्सीपल)
बुढानिलकण्ठ स्कुर
परिवार विराटनगर

हार्दिक मंगलमय
## शुभकामना

नव वर्ष २०७८ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

भगवान झा
नेशनल इन्सिटच्यूट
टेकनोलोजी परिवार


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

## सम्पादकीय

### सूचना तथा प्रविधी क्षेत्रमा नयाँ आयाम विराटनगरको संचारग्राम

रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) ले तारिणी प्रसाद कोईरालाको स्मृतिमा सातवटै प्रदेशमा सञ्चार ग्राम स्थापना गर्ने लक्ष्य लिएकोमा प्रदेश नं. १ को राजधानी विराटनगर महानगरपालिका वडा नं. ४ खारजीमा सञ्चारग्रामको भवन निर्माण गरी महानगर एमएम समेत सूचारु भएको छ। उक्त एमओ २०७३ साल बैशाख १३ गते तत्कालीन विराटनगर महानगरपालिकाका कार्यकारी अधिकृत गोपाल रेग्मी र रेडियो नेपालका सुरेश कार्की वीच हस्ताक्ष भएको सम्झौता अनुसार सो संचारग्राम निर्माण भएको हो। उक्त संचार ग्राम निर्माण हुनु ठूलो कुरा नभएपछि संचार क्षेत्रमा प्रदेश १ मा एउटा नयाँ आयाम थपिएको छ। संचार ग्रामवाट अव यस क्षेत्रका संचारकर्मी, मिडिया हाउस, राजनीति कर्मी, कर्मचारी, उद्योगी, व्यपारी लगायत आमनागरिकले यसवाट फाईदा लिने आशा भरोसा भए जस्तै संचारग्रामले पनि सवै क्षेत्रको सहयोग खोजेको छ। यदि सवैको सहयोग भए संचारग्राम दिन प्रतिदिन नयां आयाम थप्दै जाने आम नागरिकको बुझाई छ।

तारिणी प्रसाद कोईरालाको स्मृतिमा बनेको संचारग्रामको विधिवत रुपमा चैत १८ गते शुक्रवार सञ्चार तथा सूचना प्रविधि मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले समुदघाटन गरि सकेको छ। संचारग्रमको भवन करीब २० करोडको लगानी निर्माण भएको छ। सो अवसरमा कोईरालाकी वहीनीले पूर्व प्रार्चाय शान्ता घिमिरेले भाभुक भएर भन्दैथिए। तारिणी दाजू रेडियो नैपालको संस्थापक, प्रवन्ध निर्देशक, गायक, कम्पोजर सवै भएकोले रेडियो नेपालमा योगदान रहको चर्चा गरेको थियो। पूर्वको सृजना, कला, साहित्य, भाषा संस्कृतीलाई उजागर गर्न प्रदेश १ मा कोषेढुगाको रुपमा सावित हुने भएको छ। संचारग्राममा सूचना पठाउन डिजिटर एप्स, कन्फरेन्स हल, स्टुडियो, रेडियो संग्राहलय, ई लाईब्रेरी, संगित प्रशिक्षण हल समेतको व्यवस्था रहने भएको छ। सूचना प्रवाह गर्न, सञ्चारकर्मीहरुको क्षमता विकास गर्न पनि सञ्चारग्राम महत्वपूर्ण भूमिका खेल्ने विश्वासका साथ यस क्षेत्रका सवै वर्ग समुदायले फाईदा लिन सक्नु पर्छ।

विराटनगर महानगरपालिकाले उपलब्ध गराएको ६ कट्ठा १८ धुर जग्गामा रेडियो नेपालले २० करोड रुपैयाँको लगानीमा आधुनिक भवन निर्माण गरी सञ्चार सम्बद्ध विभिन्न काम गर्न तथा व्यवस्थित सूचना केन्द्रको रुपमा प्रयोग गर्न योग्य भवन निर्माण भएकोले सञ्चारग्रामवाट खोज र अनुसन्धानको महत्वपूर्ण केन्द्रसमेत बनाउन सक्नु पर्छ। 'सञ्चारग्राम अन्तरक्रिया र अन्य गतिविधिका संचालन गर्न प्रदेश नं. १ मा खोज अनुसन्धानको लागि ठाउँको अभाव रहेको सो अभावलाई सञ्चारग्रामले पुरा गर्ने भएको छ। संचारग्रामलाई सवै संचार कर्मीहरुले एउटा अध्ययन अध्यापनको केन्द्र विन्दु मानेर विकार र निर्माण गरी मलजल गर्न जरुरी छ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ** (गु, गे, गो, सा, सी, सु, से, सो, द) :**सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु** होला। **भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

# लिभिङ टुगेदर नेपाली समाजमा एक नैतिक बहस





राष्ट्रिय महिला आयोगले लिभिङ टुगेदरसम्बन्धि सन् २०११ मा गरेको सर्वेक्षणअनुसार केवल २० प्रतिशत पुरुषमात्र आफ्नो पार्टनरसँग विवाह गर्ने मनसायले प्रतिशत बस्ने गरेको पाईन्छ। तसर्थ यस्तो सम्बन्धमा बस्नु अघि महिलाले पनि उचित निर्णय लिनु आवश्यक देखिन्छ।

कुनै पुरुष वा महिला वैधानिक विवाहको अलावा निश्चित समयको लागि एउटै छानोमुनि जीवनयापन गर्नु नै 'लिभिङ टुगेदर' भनिन्छ। विशेषतः कमजोर आर्थिक स्थिति, यौन सन्तुष्टि, प्रेमका कारण युवा युवती लिभिङ टुगेदरमा बस्ने गर्दछन्। ठ्याक्कै समय यकिन नभए पनि, सन् १९७५ को दशक यता पश्चिमा राष्ट्रमा लिभिङ टुगेदरको पद्धति अवलम्बन हुँदै आएको छ।

हाल आधुनिकताको परिभाषा दिदै आफ्नो मूल्य मान्यता विपरित नेपाल लगायत पूर्वी एशियाको विभिन्न देशमा लिभिङ टुगेदरमा बस्ने प्रवृत्ति फैलिदै गएको छ। नेपालको परिपेक्षमा लिभिङ टुगेदरमा बस्नेको संख्या यकिन नभएता पनि विशेषतः सहर केन्द्रीत युवा युवतीहरूको प्रमुख छनौट भने पक्कै बन्दै गएको छ। वैवाहिक जीवनको जिम्मेवारी र प्रतिबद्धतालाई बेवास्ता गरी यौन जीवनको आनन्द लिनु लिभिङ टुगेदर बस्नुको प्रमुख कारण हो।

विश्व परिवेश हेर्दा अस्ट्रेलियामा लिभिङ टुगेदरमा बस्ने क्रम बढ्दो छ। सन् १९७५ मा १६% जनसंख्या विवाह पूर्व लिभिङ टुगेदरमा बस्ने गरेकोमा सन् २००८ मा आइपुग्दा ७८% जनसंख्या यस्तो सम्बन्धमा बाँधिएको पाइन्छ। सुरुवाती प्रेम, कालान्तरमा व्यक्तिगत स्वतन्त्रतामा बन्देज (लवाई, खवाई, सामाजिक सम्बन्धमा निगरानी आदि) र आफूबमोजिम नचले सम्बन्ध त्याग्ने अधिकांश पुरुष प्रवृत्तिले महिलाहरु वास्तविक पीडित बनेका छन्।

हालको परिपेक्षमा नेपालका ठूला सहरमा युवा युवतीहरू परिवारको सल्लाह बिना लिभिङ टुगेदर बस्ने गरेको पाइन्छ। यस्तो सम्बन्धमा महिलाले विवाह अगावै गर्भ बोके भने सामाजिक, कानुनी र पारिवारिक अस्वीकार्यता र पुरुष पार्टनरको दवावको कारण महिला वर्ग पटक पटक गर्भपतन गर्न बाध्य भएका छन्। यसले उनीहरुको स्वास्थ्यमा पनि गम्भीर असर पर्ने गरेको छ।

साथै, लिभिङ टुगेदर सम्बन्धबाट पैदा भएका बालबच्चा र आमा दुबैलाई समाजले बहिष्कार गर्ने र बच्चाको भविष्यमाथि गम्भीर समस्या आउने देखिन्छ। कानुनी रुपमा पनि अविवाहित महिला आफ्नो सन्तानलाई नागरिकता दिलाउन नसक्ने झन्झट छ। मुलुकी देवानी संहिता-२०७४ को दफा ७४ ले शारीरिक सम्पर्क भई शिशु जन्मिएमा स्वतः विवाह भएको मानिने भएता पनि बहुविवाह ठहरिने अवस्थामा भने उक्त कानुन लागू नहुने प्रावधान रहेको छ।

लिभिङ टुगेदर बस्दै गरेको जोडीमा गर्भ बस्न गएमा पुरुषले जिम्मेवारी नलिई फरार हुने भएकाले अधिकांश महिला र नाबालक बिचल्लित भएका छन्। सामाजिक र पारिवारिक अपहेलना अनि अभाव झेल्न नसक्दा अधिकांश महिला मानसिक समस्यामा गई आत्महत्या समेत गर्दछन्। यस्तो अवस्थाको लागि भने कानुनले झन् अस्पष्टता सिर्जना गरेको छ।

म व्यक्तिगत हिसाबले लिभिङ टुगेदरको विरोधी भने हैन। तर समाज र कानुनबाट अस्वीकृत यस्तो सम्बन्ध टुटेको खण्डमा अविवाहित आमाको संरक्षणको दायित्व कसको ? नाबालिगको जन्मदर्ता र नागरिकताको ब्यवस्था के ? कुण्ठित पितृसत्तात्मक नेपाली समाजले तिनलाई कुन स्थान प्रदान गर्छ ? भन्ने मुल प्रश्न हो।

अर्कोतिर, लिभिङ टुगेदर सम्बन्ध कहिले स्थापित हुन्छ र कहिले अन्त्य हुन्छ भन्ने भेउ नभएकाले यस्तो सम्बन्धले समाजलाई मात्र नभई कानुनी संस्था र न्यायलयलाई समेत चुनौती दिएको छ। सम्बन्धको प्रवृत्ति नै गलत ठर्ह्याउन भने पक्कै सकिन्न। तर हाडनाताको सम्बन्ध भएका जोडी र समलिङ्गीहरुका लागि विद्यमान विवाह पद्धति र उनीहरुमाथि लगाइएको बन्देजको विकल्प भने जरुर हो लिभिङ टुगेदर।

'ग्लोबल प्रेस जर्नल'को प्रकाशित तथ्याङ्कअनुसार महिला आयोगमा सन् २०१२-२०१३ सम्म दर्ता गरिएको घरेलु दुर्व्यवहारमा लगभग २५ प्रतिशत लिभिङ टुगेदरमा रहेको महिलाहरु पर्दछन्। विवाह पूर्वको यौन सम्पर्कलाई नेपाली समाजले अस्वीकार गर्ने हुँदा अधिकांश पीडित महिलाहरु यस्तो समस्या बाहिर ल्याउन असक्षम छन्। ईज्जतको डरले जस्तोसुकै कठिन अवस्था झेले पनि समस्या सार्वजनिक गर्न चाँहदैनन्।

राष्ट्रिय महिला आयोगले लिभिङ टुगेदरसम्बन्धि सन् २०११ मा गरेको सर्वेक्षणअनुसार केवल २० प्रतिशत पुरुषमात्र आफ्नो पार्टनरसँग विवाह गर्ने मनसायले प्रतिशत बस्ने गरेको पाइन्छ। तसर्थ यस्तो सम्बन्धमा बस्नु अघि महिलाले पनि उचित निर्णय लिनु आवश्यक देखिन्छ।

उचित कानुनी व्यवस्थाको अभावमा लिभिङ टुगेदर बसाइँको प्रचलनले समाजलाई नकारात्मक दिशातर्फ डोर्याएको महसुस गर्न सकिन्छ। कानुनी खुलापनको उपज कतिपय विवाहित पुरुषले अविवाहित महिलालाई विवाहको प्रलोभनमा पारी शारीरिक शोषण गरी अलपत्र पारेको जवलन्त उदाहरण छन्। विभिन्न विश्लेषकले लिभ ईन रिलेशनसिपमा बस्दा एकअर्कालाई विवाह अगावै पहिचान गर्ने मौकाको रुपमा व्याख्या गरेको पाइन्छ। सोही विश्लेषणको आधारमा लिभिङ टुगेदरलाई 'टेस्ट राउण्ड'को रुपमा विश्लेषण गरिएको छ भन्न सकिन्छ। मन परे 'गो अहेड' नपरे 'गेट लस्ट'।

लिभिङ टुगेदरको पूर्ण रुप विवाह नै रहेको हुँदा र यसको असरबाट मुक्ति मिल्ने हुँदा तत्कालीन नेपाली समाजमा हावी भएको विवाह पद्धति नै उचित हुने देखिन्छ। समस्याबाट बञ्चित, भौतिक सम्पतिमा पहुँच, कानुनी, पारिवारिक र सामाजिक सुरक्षा हुने हुँदा लिभिङ टुगेदरसम्बन्धि उचित कानुनको परिबन्ध नभएसम्म विवाह बन्धन नै अंगाल्नु उचित देखिन्छ।

लिभिङ टुगेदरको हकमा सामाजिक मानसिकताको परिवर्तनका साथै प्रभावकारी र उपयुक्त कानुनी संरक्षणको आवस्यकता देखिन्छ। यसको निम्ति उमेर हद कायम गर्ने, महिला तथा बालबच्चाहरुको संरक्षणको निम्ति नीति निर्माण गर्नुका साथै व्यवस्थित कानुनी कारवाहीको व्याख्या हुन अति आवश्यक छ। रातोपाटीवाट




## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

## औद्योगिक क्षेत्रमा अघोषित लोडसेडिङ प्रति व्यवसायीको आपत्ति

विराटनगर । औद्योगिक क्षेत्रमा केही दिन देखि भएको अघोषित लोडसेडिङ प्रति उद्योगि व्यवसायीहरु तीवटा संगठनले आपत्ति जनाएका छन् ।

उद्योगि व्यवसायीहरुसं संगठन उद्योग संगठन मोरंग, मोरंग व्यपार संघ र नेपाल उद्योग परि संघले संयुक्त रुपमा पत्रकार सम्मेलन गरी अघोषित लोडसेडिङ गर्ने निकाय विद्यत प्रधिकरण र नेपाल सरकार प्रति आपत्ति जनाएको हो ।

मोरंग व्यपार संघका अध्यक्ष नविन रिजालले भने सरकारले विद्युत खपत बढाउन उद्योगलाई प्रोत्साहन गर्ने नीति ल्याएपछि करौडौंको लगानी बृद्धि गरेका उद्योगहरुलाई लोडसेडिङको मारमा पार्दा अर्थतन्त्रमा समस्या हुन, इन्धनको मूल्य बृद्धि भएको स्थितिमा उद्योगमा बिद्युत आपूर्ति अनियमित भए त्यसले उपभोक्तासम्मलाई असर गर्ने वताए ।

गत २ वर्ष देखि कोभिडको महामारीबाट थला परेका उद्योग व्यवसाय क्षेत्रले केही महिना यता भोग्नु परेको वित्तीय संकट तथा वढदो व्याजदरले मरणासन्न पुऱ्याएको अवस्थामा १२ घण्टा सम्म गरिएको लोडसेडिङले उद्योग कलकारखाना चलाउनै नसक्ने अवस्था सिर्जना भएको छ भन्दै तत्काल विद्युत आपूर्ति सुचारु गर्न आग्रह गर्दै त्यसै नगरे उद्योगमा ताला लगाएर सरकारलाई चावि बुझाउनुको विकल्प नरहेको नेपाल परि संघ प्रदेश नं. १ अध्यक्ष भीम घिमिरेको भनाई थियो ।

त्यसैगरी उद्योग संगठन मोरंगका अध्यक्ष सुयश प्याकेरेल भने गएको हप्तामात्रै नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशकले जुनसुकै मूल्यमा भए पनि उद्योग व्यवसाय क्षेत्रलाई विद्युत उपलब्ध गराउने, लोडसेडिङ नगर्ने भनिदिएको आवश्वासन दिनु भएको थियो । प्रतिवद्धता जनाएपनिदुई दिन मै फेरी १२ घण्टा विद्युत कटौतिगर्ने कार्यले भनाई र गराईमा फरक गरेकोम ।जिम्मेवार पदाधिकारीको विश्वनियतामा प्रश्न चिन्ह खडा भएको भनाई थियो ।

वर्तमान चूनौति पूर्ण अवस्थामा सरकार, प्राधिकरण एवं सम्बन्धीत निकायले जिम्मेवारी एवं जवाफ देहिता बहन गर्दै विद्युत आपूर्ति अवरुद्ध भई उद्योग व्यवसाय ठप्प हुने अवस्थामा राष्ट्रिले व्यहोर्नुपर्ने क्षतिलाई मध्यनजर गर्दै हाल देखिएको उर्जा संकटलाई अविलम्व समाधान गरी उद्योगहरुमा निरन्तर विद्युत आपूर्तिको व्यवस्था मिलाउन तीनवटै संगठन जोडदार माग गरेको छ । त्यसो नगरीए त्यसको परिणाम स्वरुप उद्योगहरु वन्द गर्नु पर्ने हुन्छ उद्योग भन्दा भए लाखौ मज्दुर वेरोजगारीको मारमा पर्छ त्यसको सामना स्वयम सरकारले नै गर्नु पर्ने धारण व्यक्त गरेका थिए ।

छोरा छोरीमा भेदभाव नगरौ । छोरा छोरी दुबैलाई अनिवार्य विद्यालय पठाऔं ।

# सुरक्षा कर्मीहरुको गाँस, बास र कपासमा ध्यान दिनु सरकारको दायित्व : मन्त्री कार्की

विराटनगर । जिल्ला ट्राफिक प्रहरी कार्यालय बिर्तामोड, झापाको परिसरमा नव-निर्मित भवनको १ नम्वर प्रदेशका माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री केदार कार्कीले समुदघाटनको क्रममा भने सरकारले सुरक्षाकर्मीको सुरक्षा गरेमा मात्र सुरक्षाकर्मीले आम नागरिक हरुको सुरक्षा गर्न आत्मवल बढ्ने हुँदा सुरक्षा कर्मीहरुको गाँस, बास र कपासमा ध्यान दिनु सरकारको दायित्व रहेको बताउनु भयो ।




जिल्ला ट्राफिक प्रहरी कार्यालय बिर्तामोडको नव-निर्मित कार्यालय भवन, ब्यारेक, भन्साघर तथा शौचालयको मन्त्री कार्कीबाट समुदघाटन सु-सम्पन्न भएको थियो । मन्त्री कार्कीले जग्गा दाता तथा निर्माण कार्यमा सहयोग पुऱ्याउनु हुने महानुभावहरुलाई प्रसंसा पत्रद्वारा सम्मान प्रदान गर्नु भएको थियो ।

कार्यक्रममा १ नम्बर प्रदेश प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार बि.सी.ले भवनको निर्माणमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्णमा धन्यवाद दिनुका साथै २४ सै घण्टा ड्युटीमा खटिनु पर्ने प्रहरी कर्मचारीहरुलाई नयाँ भौतिक सुबिधाले थप मनोवल बढ्ने र कार्यक्षेत्रमा समेत यसले अनुकुल वातावरण सिर्जना गर्ने वताएका थिए ।

प्रहरीद्वारा आम नागरिकलाई चुस्त दुरुस्त तथा थप प्रभावकारी ढंगले प्रहरी सेवा प्रदान गर्नेमा आफु बिश्वस्त रहेको बताउँदै कानूनको परिधिमा रही जनहित अनुसारको प्रहरी सेवा प्रदान गर्न सम्पुर्ण प्रहरी कर्मचारीहरुलाई निर्देशन समेत दिनु भएको थियो ।

कार्यक्रममा बिर्तामोड नगरपालिका प्रमुख धुब्र कुमार शिवाकोटी, १ नम्वर प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्रलायका सचिव काली प्रसाद पराजुली, झापा जिल्लाका प्रमुख जिल्ला अधिकारी छबिलाल रिजाल, चारआली स्थित नेपाली सेनाको श्री नँया श्रीनाथ गण चारआलीका प्रमुख सेनानी फणिन्द्र थापा, जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक बिश्वमणी पोखरेल, १ नम्बर प्रदेश ट्राफिक प्रहरी कार्यालय ईटहरीका प्रमुख प्रहरी उपरीक्षक वासुदेव खतिवडा, पुर्व प्रहरी अधिकृतहरु, बिभिन्न कार्यालय, संघ संस्थाका प्रतिनिधि, , राजनैतिक दलका नेता तथा पार्टी प्रतिनिधि, स्थानिय बुद्धिजिवि, समाजसेवि तथा प्रहरी कर्मचारीहरुको समेत उपस्थिति रहेको थियो ।

१ नम्वर प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट बिनियोजित एक करोड ८८ लाख ८५ हजार ५७७ रुपैयाँ ९८ पैसाको लागतमा जिल्ला ट्राफिक प्रहरी कार्यालय बिर्तामोड, झापाको परिसरमा नव-निर्मित कार्यालय भवन, ब्यारेक, भान्साघर तथा शौचालयको भवन निर्माण सम्पन्न भएको हो ।

सूचना सूचना सूचना

*सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।*

**सडक डिभिजन कार्यालय**
**विराटनगर प्रदेश नं. १**

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
पूर्वाञ्चल जल उद्योग
परिवार, शान्ति चौक
विराटनगर

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
मेरील्याण्ड कलेज
परिवार रंगेली रोड
विराटनगर

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सगरमाथा उच्च मा.वि.
परिवार
विराटनगर

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
राजु गोयल
गोयल हाडवेयर परिवार
विराटगर

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
संतोष चौधरी
उद्योगी!व्यवसायी
विराटनगर

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
वेवी आईस क्रिम
परिवार, भट्टीमोड
विराटनगर

# खुकुरी प्रहार गरी श्रीमतिको हत्या

विराटनगर । सोलुखुम्बुको माप्य दुधकोशी गाउँपालिका वडा नं. ४ बस्ने ३७ बर्षीय चन्द्र राई आफ्नै श्रीमतीको हत्या गरेको आरोपमा पक्राउ परेको छ ।

विहीवार रातीको समयमा राईले आफ्नै ३७ बर्षीया श्रीमती मनिला राईलाई खुकुरी प्रहार गरी हत्या गरेको भन्ने सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुबाट खटिएको प्रहरी टोलीले राईलाई पक्राउ गरेको थियो ।

पक्राउ परेका राईले सामान्य बादबिबादको क्रममा रिशको आवेगमा श्रीमतीलाई खुकुरी प्रहार गरेको सोही कारणले राईको घटनास्थलमा नै मृत्यु भएको प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुले जनाएको छ ।

घटना सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

# गरगहना लुटपाटमा संलग्न पक्राउ



विराटनगर । मोरङको बेलवारी नगरपालिका वडा नं. ४ को बेतना सिमसार क्षेत्रमा गत ८ गते चाँदीको गर-गहना लुटपाट भएको घटनामा संग्लग्न रहेको आरोपमा चार जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा दमक नगरपालिका वडा नं. ३ झापाका २५ बर्षीय सबिन बिश्वकर्मा, बर्दिबास नगरपालिका वडा नं. १ महोत्तरीका ३४ बर्षीय मनोज ठाकुर, रौतामाई गाउँपालिका वडा नं. ४ उदयपुरका २४ बर्षीय बिशाल बि.क. र ईटहरी उपमहानगरपालिका वडा नं. ५ सुनसरीका २४ बर्षीय बादल बि.क. रहेका छन् ।

उक्त समुहले चैत्र ८ गते बिहान पाथिभरा ज्वेलर्स एण्ड सप्लायर्स दमकका कर्मचारीले दमकबाट बर्दिबास लैजाँदै गरेको १३ केजी चाँदीका गर-गहना लुटपाट गरेको थियो ।

त्यसरी दमकबाट बर्दिबास लैजाँदै गरेको चाँदीका गहना लुटपाट भएको सूचना प्राप्त भएसंगै खोजतलासमा खटिएको ईलाका प्रहरी कार्यालय बेलवारीको प्रहरी टोलीले लुटपाटमा संग्लग्न मध्ये ४ जनालाई चाँदीका गहना सहित १३ गते नियन्त्रणमा लिएको थियो ।

घटनामा संग्लग्न अर्का एक जना फरार रहेको र उनको समेत खोजतलास भईरहेको तथा पक्राउ परेका ब्यक्तिहरुको सम्बन्धमा थप अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय बेलवारीले जनाएको छ ।

# ओली प्रतिष्ठानद्धारा चार विधामा ५ सम्मानित हुने

विराटनगर । झापाको भद्रपुरस्थित रुद्र-गौरी-श्री-अम्बिका ओली प्रतिष्ठानद्वारा ४ विधामा ५ जना पुरस्कृत हुने भएका छन् ।

प्रतिष्ठानले यस वर्ष ५ लाख रुपैयाँ पुरस्कार थप गरी ४ विधामा ५ जनालाई पुरस्कृत गर्न लागेको प्रतिष्ठानका अध्यक्ष गंगाप्रसाद ओलीले जानकारी दिए । प्रतिष्ठानले ४ वैशाखमा काठमाडौंमा एक कार्यक्रमको आयोजना गरी गरी उनीहरूलाई पुरस्कृत गर्ने उनले बताए ।

'नवौँ संस्करणको पुरस्कार वितरण गर्न लागेका छौँ', उनले भने, 'यस वर्ष ५ लाख रुपैयाँको एउटा पुरस्कारसमेत थप भएको छ ।'

प्रतिष्ठानले २०६७ सालदेखि कृषि, साहित्य/पत्रकारिता, महिला सशक्तीकरण, बालबालिकाका क्षेत्रलाई समेट्दै आएकामा नवौँ वर्षको यात्रा तय गरिरहँदा ५ लाख रुपेयाँ राशिको 'श्रीप्रसाद ओली स्मृति राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रज्ञान पुरस्कार'समेत थप गरेको हो ।

पहिलो पटक स्थापित श्रीप्रसाद ओली स्मृति राष्ट्रिय तथा अन्तर्राष्ट्रि प्रज्ञान पुरस्कारबाट हिमालयशम्शेर जबरा पुरस्कृत हुने भएका छन् । नेपालमा पहिलो पटक विनिमय दरको व्यवस्था गरी विदेशी मुद्राको प्रचलनलाई निरुत्साहन गरी नेपाली मुद्रालाई चलनचल्तीमा ल्याउन उल्लेख्य कार्य गर्नुका साथै नेपालमा स्वतन्त्र अर्थतन्त्रको जग बसाउन योगदान पु-याएबापत उनलाई उक्त पुरस्कार वितरण गर्न लागेको प्रतिष्ठानले जनाएको छ ।



झापाको भद्रपुरस्थित रुद्र-गौरी-श्री-अम्बिका ओली प्रतिष्ठानद्वारा ४ विधामा ५ जना पुरस्कृत हुनहरु ।

त्यस्तै, रुद्रप्रसाद ओली राष्ट्रिय कृषि पुरस्कार ललितपुरस्थित 'सुभद्रा-मदन फाउण्डेसन' र 'चन्द्रागिरि मेसिनरी उद्योग'लाई संयुक्त रूपमा प्रदान गरिने भएको छ । पुरस्कार राशि १ लाख १ हजार १११ रुपैयाँ रहेको छ । कृषि क्षेत्रको व्यावसायिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको भन्दै उनीहरूलाई पुरस्कृत गर्न लागिएको हो ।

फाउण्डेसन संस्थापक अध्यक्ष कृषिविज्ञ मदन राईको अग्रसरतामा ५० भन्दा बढी जिल्लाका बालबालिकालाई समावेशी ढंगबाट विगत ७ वर्षदेखि खोटाङ जिल्लामा जीवन उपयोगी व्यावहारिक ज्ञानसहित व्यावसायिक कृषिलगायतका विषयमा शिक्षा प्रदान गरी श्रमप्रति सम्मान गर्ने प्रवृत्ति विकासका गर्न अनवरत क्रियाशील छ । यस्तै, संस्थापक अध्यक्ष गोविन्द भक्त श्रेष्ठको नेतृत्वमा सञ्चालित उद्योगले सानादेखि ठूला कृषि औजार उत्पादन गरी देशको कृषि क्षेत्रमा तथा अर्थतन्त्रमा टेवा पुऱ्याउँदै आएको छ ।

त्यसैगरी गौरादेवी स्मृति राष्ट्रिय आदर्श आमा पुरस्कार काठमाडौं निवासी युवती खड्का केसीलाई प्रदान गरिने भएको छ । उनलाई अपांगता भएका व्यक्ति, जेष्ठ नागरिकलाई पुनर्स्थापना तथा सेवा, महिलाहरूको आर्थिक सशक्तीकरण मा योगदानबापत १ लाख १ हजार १११ रुपैयाँ राशिको पुरस्कार प्रदान गर्न लागिएको हो ।

यस्तै, अम्बिका ओली स्मृति राष्ट्रिय साहित्य तथा पत्रकारिता पुरस्कार यस वर्ष विगत साढे ४ दशकदेखि निरन्तर नेपाली साहित्यको विकासमा क्रियाशील मोरङ विराटनगर निवासी साहित्यकार विवश पोखरेललाई प्रदान गरिने अध्यक्ष ओलीले बताए । पुरस्कार राशी १ लाख १ हजार १११ रुपैयाँ रहेको छ ।

'रूद्र-गौरी-श्री-अम्बिका ओली प्रतिष्ठान' समाजमा भएका अनुकरणीय कार्यहरूको प्रबर्द्धन गर्ने उद्देश्यले जिल्ला प्रशासन कार्यालय झापामा दर्ता भएको गैरनाफामूलक सामाजिक संस्था हो ।

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसरमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
राजेन्द्र राउत
उद्योगी।व्यवासायी
विराटनगर

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसरमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
नन्दकिशोर तापडिया
उद्योगी।व्यवसायी
विराटनगर

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसरमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रकाश मुन्दडा
उद्योगी!व्यवसायी
विराटनगर

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसरमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सुरक्षा अस्पताल प्रा.लि.
परिवार, विरेन्द्र सभागृह
अगाडी, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसरमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
शिव सुन्दर ज्वेलर्स
परिवार, रामजानकीपथ
विराटनगर

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसरमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
मेक्स इन्टर नेशनल
हस्पिटल, परिवार
विराटनगर

## सूचनाको अधिकार पुरस्कारबाट दुई पत्रकार सम्मानित



विराटनगर, चैत १६ गते । नेपाल पत्रकार महासंघ मोरंग शाखाले महासंघको स्थापना दिवसको अवसरमा प्रदान गर्दै आएको षष्टिका बस्नेत सूचनको अधिकार पुरस्कार २०७८ बाट दुई जना पत्रकारलाई सम्मानित गरेको छ ।

सम्मानित हुनेहरुमा गजेन्द्र बुढाथोकी उदयपुर स्थित टक्सार म्यागेजीनका प्रधान सम्पादक र देवनारायण साह कान्तिपुर दैनिकका मोरङ जिल्ला संवाददाता हुन् ।

५० हजार ५१ रुपियाँ राशिको षष्टिका बस्नेत सुचनाको अधिकार पुरस्कार बुढाथोकीलाई र १५ हजार ५१ रुपियाँ राशिको षष्टिका बस्नेत सुचनाको अधिकार पुरस्कार साहलाई प्रदेश १ का सभामुख प्रदीपकुमार भण्डारी र यातायात व्यवस्था तथा सञ्चार मन्त्री उपेन्द्र प्रसाद घिमिरेले उनीहरुलाई दोसल्ला ओढाएर नगद र प्रमाण-पत्र सहित सम्मानित गरेका हुन् ।

विराटनगर महानगरपालिका वडा नं. ११ निवासी केदारबहादुर बस्नेतले आफ्नो धर्मपत्नीको स्मृतिमा ७ लाख रकमको अक्षयकोष खडा गरेका थिए । सोही अक्षय कोषको रकमको ब्याजबाट प्रत्येक वर्ष सुचनाको अधिकार क्षेत्रमा काम गर्ने अभियान्ता तथा पत्रकारलाई उक्त पुरस्कार प्रदान गर्ने गरिएको छ ।

सुचनाको अधिकार पुरस्कार विक्रम सम्वत २०७३ र प्रोत्साहन पुरस्कार २०७४ सालमा स्थापना भई प्रदान गरिदै आईएको छ । महासंघको ६७ औं स्थापना दिवसको अवसरमा मोरङ शाखाले आफ्नो आधिकारिक बेवसाईट समेत शुभारम्भ गरेको छ ।

प्रदेश सरकार यातायात व्यवस्था तथा सञ्चार मन्त्री उपेन्द्रप्रसाद घिमिरेले बटन थिचेर बेवसाईटको शुभारम्भ गरेका हुन् ।

उक्त कार्यक्रम नेपाल पत्रकार महासंघ मोरंग शाखाका अध्यक्ष संजीव खनालको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## सिरहाको प्रतिभा क्लबलाई मिल्स गोल्डकपको उपाधी

विराटनगर । दोस्रो संस्करणको मिल्स गोल्डकप फुटबल प्रतियोगिताको उपाधि सिरहाको गोल बजारमा रहेको प्रतिभा फुटबल क्लबले उपाधि प्राप्त गरेको छ ।

विराटनगर स्थित जुट मिलको खेलमैदानमा शुक्रबार सम्पन्न फाइनलमा साइनो स्पोर्ट्स क्लब रानी विराटनगरलाई २-१. गोलले हराउँदै गोलबजारले मिल्स गोल्डकपको उपाधि जितेको थियो ।

जितसँगै गोलबजारले नगद २ लाख १ हजार रुपैयाँको साथै ट्रफि प्राप्त गरेको छ भने उपबिजेता बनेको साइनोले नगद १ लाख १ हजार रुपैयाँमा चित्त बुझाएको थियो ।

खेल सुरू भएको ८ औं मिनेटमा गोलबजारका विदेशी खेलाडी अलीले गोल गरि टिमललाई अग्रता दिलाएको थियो । उनले मध्यभागबाट गरेको प्रहार गोलमा परिणत भयो । पहिलो गोल भएपछि दबावमा परेको सनाइनोका विदेशी खेलाडी फुफनाले १४ औं मिनेटमा गरेको प्रहार गोलबजारका किपर निश्चल श्रेष्ठले उत्कृष्ट बचाउ गरेका थिए । खेलको ३५ औं मिनेटमा गोलबजारका कुलदेव कार्कीले प्रहार गरेको फ्रिकिक साइनोका गोलकिपर एन्जल श्रेष्ठले बचाए । साइनकोका फुफनाले ३९ औं मिनेटमा करिब ३० यार्डबाट गरेको प्रहार जाली चुम्दै खेल बराबरी भएको थियो ।

दोस्रो हाफदेखि आक्रमक खेल पस्किएको गोलबजारले ४७ औं मिनेटमा विदेशी विनु अलीले निकालिदिएको क्रस पासलाई विदेशी खेलाडी यामुले गोल गरि टिमको जित सुनिश्चत गरका थिए । ५१ औं मिनेटमा भुवन बस्नेतले डिबक्स भित्रबाट गरेको कडा प्रहार गोलबजारका किपर निश्चल मुक्ताङ्गले रोकेको थियो ।

घरेलु दर्शकको साथ पाएको साविकको उपबिजेता साइनोले थुपै गोल गर्ने अवसर खेर फाल्यो । ६३ औं मिनेटमा साइनोका फुफानोले निकालि दिएको पास भुवन बस्नेतले डिबक्सभित्रबाट गरेको हेड बाहिरयो । दुई गोल दबाबमा देखिएको साइनोले ६७ र ७० औं मिनेटमा गोल गर्ने अवसर गुमाएको थियो । बक्सभित्र निशान लिम्बुले वान भर्सेस वानको प्रहार फितलो रहदा गोलगर्ने अवसरबाट चुकेको थियो ।

फाइनल खेलको प्लेयर अफ म्याच उपविजेताका फोपोनो भए । त्यसैगरी उत्कृष्ट खेलाडी गोलबजारका कुलदीप कार्की, हाईस्कोरर गोलबजारका अलमान भए । उनले प्रतियोगितामा तिन गोल गरेका थिए ।

मिल्स गोल्डकप फुटबल ट्रष्टको आयोजनामा भएको प्रतियोगितामा आठ टिमको सहभागिता रहेको थियो । बिजता हुने खेलाडीहरूलाई कार्यक्रममको प्रमुख अतिथि विराटनगर महानगरपालिका प्रमुख भिम पराजुली, ट्रष्टका अध्यक्ष किशोर शाही, संयोजक किशोर सुब्बा लगायतकाले पुरस्कार वितरण गरेका थिए ।

त्यसैगरी विराटनगरको रानीमा रहेर खेलाडीहरूको जुत्ता सिलाउदै आएका चन्देश्वर रामलाई सम्मान गरिएको छ । उनलाई नगद २५ हजार रुपैयाँ सहित कदर पत्रले सम्मान गरेको थियो ।

सम्मानित भएका सुनवारले सिलाएको जुत्ता लगाएर थुप्रै राष्ट्रिय खेलाडी भएका छन् । सम्मानित भएका रामलाई विराटनगर महानगरपालिका प्रमुख भिम पराजुलीले कदर पत्रले सम्मान गरेका थिए ।




प्रतियोगिताको उपाधि सिरहाको गोल बजारमा रहेको प्रतिभा फुटबल क्लबले उपाधि प्राप्त पछि तस्वीरमा

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
आरके चिल्ड्रेन हस्पिटल, परिवार
विराटनगर

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
नवल किशोर काबरा
उद्योगी/व्यवसायी
विराटनगर

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
दिव्य ज्योति अस्पताल
प्रा.लि.परिवार
विराटनगर

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अरनिको आवासीय मा.वि.
परिवार, तीनटोलिया
विराटनगर

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
कान्तिपुर कलेज
परिवार, मेन रोड
विराटनगर

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९ सालको शुभ अवसमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने दाजुभाई, दिदी-बहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
रविन दहाल (प्रिन्सीपल)
भि.के.भि.एम परिवार
विराटनगर